कर बुलेटिन
Tax Bulletin
http://www.ird.gov.np
आन्तरिक राजस्व विभागको मासिक प्रकाशन
वर्ष ४, अङ्क ८, २०७३ फागुन, Year 4, Issue 8, March 2017

# कर प्रणाली, राजस्व प्रशासन तथा संघीय वित्त व्यवस्था विषयक गोष्ठी सम्पन्न




नेपालको कर प्रणाली, राजस्व प्रशासन तथा संघीय वित्त व्यवस्था विषयक कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै महानिर्देशक श्री चुडामणि शर्मा

काठमाडौं । आन्तरिक राजस्व विभागको आयोजना तथा प्रसंसा संरक्षण समूहको संयोजनमा नेपालको कर प्रणाली, राजस्व प्रशासन तथा संघीय वित्त व्यवस्था विषयक कार्यशाला गोष्ठी फागुन ११ गते सम्पन्न भएको छ। कार्यशाला गोष्ठी व्यवस्थापिका संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका माननीय सभासदहरुलाई नेपालको कर प्रणाली, राजस्व प्रशासन तथा संघीय वित्त व्यवस्थाको वारेमा जानकारी गराउने उद्देश्य राखी संचालन गरिएको थियो ।

सो कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले मुलुकको समग्र कर प्रणाली कस्तो छ र आगामी दिनमा कस्तो हुनुपर्छ, संघीयतामा वित्त संरचना कस्तो परिकल्पना गरेका छौं भन्ने विषयमा प्रष्ट पार्नु भएको थियो। सरकारले विकास निर्माण, शान्ति सुरक्षा र सामाजिक सुरक्षा, समाजमा सामाजिक समता कायम गर्न एवं पुनर्निर्माण र नवनिर्माणका लागि श्रोतको आवश्यकता रहने बताउनुभयो। महानिर्देशक शर्माले नेपालमा राजस्व प्रणालीको विकासका सन्दर्भमा विगतदेखि वर्तमानसम्मका अवस्थाहरुको वारेमा चर्चा गर्नु भएको थियो। राजस्व प्रणालीमा सुधारका प्रयासहरु भइरहेको बताउनुहुँदै करको दर घटाउनु पर्ने र दायरा विस्तार गर्नुपर्ने उल्लेख गर्नु भएको थियो। कर कानुनहरुलाई सरल र स्पष्ट पार्दै जानुपर्ने आवश्यकता रहेको बताउनुहुँदै कर उत्प्रेरणा दिन उद्यमी तथा निर्यातकर्तालाई प्रोत्साहन दिनुपर्ने उहाँको भनाई थियो। महानिर्देशक बाँकी ३ पेजमा....

## राजस्व संकलन ३६ प्रतिशतले वृद्धि

काठमाडौं। आर्थिक वर्ष २०७३/०७४ फागुन मसान्तसम्मको राजस्व संकलनमा गत वर्षको सोही अवधिको तुलनामा ३६ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०७३/०७४ फागुन महिनासम्मको राजस्व संकलनको लक्ष्य रु. १ खर्व ३५ अर्व ७९ करोड ७४ लाख ३९ हजार रहेकोमा रु. १ खर्व ३८ अर्व ९२ करोड

२०७३/७४ फागुनसम्मको प्रगति

| शीर्षक | वार्षिक लक्ष्य | २०७३ फागुन महिनासम्मको | | प्रगती प्रतिशतमा | वृद्धिदर |
|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | | |
| आयकर | ११४१८९८३० | ६०५२०६१० | ६४५९३३०३ | १०७ | ४५ |
| वहालकर | ३७५२४१० | १९८८७८० | २४५१९०२ | १२३ | २८ |
| व्याजकर | ९५८०१०० | ६७०६०७० | ५४४१९८२ | ८१ | १२ |
| आयकर जम्मा | १२७५२२३४० | ६९२१५४६० | ७२४८७१८७ | १०५ | ४१ |
| मू.अ.कर | ५९३२८७५४ | ३७९७०४०१ | ३७४८०९४४ | ९९ | २४ |
| अन्त:शुल्क | ४५०२५२३२ | २७४६५३९२ | २७९३०८०७ | १०२ | ४१ |
| शिक्षा सेवा शुल्क | ७५६२४८ | ५०६६८५ | ४६४८०४ | ९२ | ३२ |
| स्वास्थ्य सेवा शुल्क | ९६८९४३ | ६३९५०१ | ५६५५०३ | ८८ | ३० |
| जम्मा | २३३६०१५१७ | १३५७९७४३९ | १३८९२९२४५ | १०२ | ३६ |

९२ लाख ४५ हजार संकलन भई लक्ष्यको तुलनामा १०२ प्रतिशतको प्रगति भएको छ। शिर्षकगत रूपमा हेर्दा आयकर तर्फ रु. ७२ अर्व ४८ करोड ७१ लाख ८७ हजार, मूल्य अभिवृद्धि कर रु. ३७ अर्व ४८ करोड ९ लाख ४४ हजार र अन्त:शुल्क तर्फ रु. २७ अर्व ९३ करोड ८ लाख ७ हजार संकलन भएको छ। सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ १०५ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ ९९
बाँकी १० पेजमा....

## यसभित्र

ननफाइलर व्यवस्थापन गर्न गठित कार्यदलद्वारा प्रतिवेदन पेश — पृष्ठ ५
आन्तरिक राजस्व उपसमितिद्वारा सुझाव माग — पृष्ठ ७
अवैध मदिरा नष्ट — पृष्ठ ९



# महानिर्देशकको सन्देश

चालु फागुन महिनासम्मको राजस्व संकलन हेर्दा विभागलाई तोकिएको राजस्व संकलनको लक्ष्य सहजै पूरा गर्ने दिशामा विभाग तथा कार्यालयहरू रहेको देखिएको छ । मुलुक संघीय संरचना कार्यान्वयनको दिशामा अगाडि बढेको र सो को लागि वित्तीय श्रोतको आवश्यकता बढी हुने हुंदा बढ्दो स्रोतको आवश्यकता पूर्ति गर्न लक्ष्यभन्दा बढी राजस्व संकलन गर्ने गरी कार्यालयलाई परिचालन हुन निर्देश गरिएको छ । साथै विभागले समेत तदनुरूप रणनीति तयार गरी कार्यान्वयन गरेको छ ।

हामी आर्थिक वर्ष २०७३/७४ को आठौं महिना पूरा गरी नवौं महिनामा प्रवेश गरेका छौं । आर्थिक वर्षको ८ महिनामा आईपुग्दा (फागुनसम्मको) राजस्व संकलनको लक्ष्य रू. १ खर्व ३५ अर्व ७९ करोड ७४ लाख ३९ हजार रहेकोमा रू. १ खर्व ३८ अर्व ९२ करोड ९२ लाख ४५ हजार संकलन भई लक्ष्यको तुलनामा १०२ प्रतिशतको प्रगति भएको छ । शीर्षकगत रूपमा हेर्दा आयकर तर्फ रू. ७२ अर्व ४८ करोड ७१ लाख ८७ हजार, मूल्य अभिवृद्धि कर रू. ३७ अर्व ४८ करोड ९ लाख ४४ हजार र अन्तःशुल्क तर्फ रू. २७ अर्व ९३ करोड ८ लाख ७ हजार संकलन भएको छ । सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ १०५ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ ९९ प्रतिशत र अन्तशुल्क तर्फ १०२ प्रतिशत हो । त्यसै गरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमशः रू. ४६ करोड ४८ लाख ४ हजार र रू. ५६ करोड ५५ लाख ३ हजार संकलन भएको छ । शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा ९२ प्रतिशत र स्वास्थ्य सेवा कर तर्फ लक्ष्यको तुलनामा ८८ प्रतिशत संकलन भएको छ । गत वर्षको यही अवधिको तुलनामा यसवर्ष आयकर वृद्धिदर ४१ प्रतिशत, मूल्य अभिवृद्धि कर वृद्धिदर २४ प्रतिशत, अन्तशुल्कको वृद्धिदर ४१ प्रतिशत, स्वास्थ्य सेवा कर वृद्धिदर ३० प्रतिशत र शिक्षा सेवा शुल्क वृद्धिदर ३२ प्रतिशत रहेको छ ।

चालु फागुन महिनासम्मको राजस्व संकलन हेर्दा विभागलाई तोकिएको राजस्व संकलनको लक्ष्य सहजै पूरा गर्ने दिशामा विभाग तथा कार्यालयहरू रहेको देखिएको छ । मुलुक संघीय संरचना कार्यान्वयनको दिशामा अगाडि बढेको र सो को लागि वित्तीय श्रोतको आवश्यकता बढी हुने हुंदा बढ्दो स्रोतको आवश्यकता पूर्ति गर्न लक्ष्यभन्दा बढी राजस्व संकलन गर्ने गरी कार्यालयलाई परिचालन हुन निर्देश गरिएको छ । साथै विभागले समेत तदनुरूप रणनीति तयार गरी कार्यान्वयन गरेको छ ।

कर प्रशासनले करदातामैत्री हुने नीति अवलम्बन गरी सेवा प्रवाहलाई छिटो छरितो गर्न नियमित अनुगमन तथा निरीक्षण र विद्युतीय सूचना प्रणालीको उपयोग गर्नुको साथै संगठन तथा व्यवस्थापनको आधुनिकीकरण र विकासमा जोड दिईएको छ । कर प्रशासन मात्र करदातामैत्री र छरितो भएर पुग्दैन आम व्यवसायी समेतले उच्चस्तरको व्यावसायिकता प्रदर्शन गरी कर प्रशासनलाई सहयोग गरेमा आन्तरिक श्रोतमा बढोत्तरी गरी परिचालन गर्न सकिने देखिन्छ । आगामी आर्थिक वर्षको लागि लिइने राजस्व नीति, राजस्वका दरहरू संगठनात्मक सुधार, कार्य प्रणाली सुधार तथा कर कानूनमा सुधारका लागि छलफल र अन्तर्क्रियाको शुरूवात गरेका छौं । अहिलेसम्मका अभ्यासका आधारमा देखिएका समस्या समाधान गर्न तथा करका नवीन अवधारणा अनुरूप नीति निर्माण गर्न सम्वद्ध सवैलाई सुझावका लागि अनुरोध गर्न चाहन्छु ।

२०७३ फागुन

**चुडामणि शर्मा**
महानिर्देशक

## १ पेजको बांकी...

शर्माले राजस्व प्रशासनमा सूचना प्रविधिको उपयोग बढाउँदै जान सके कर सहभागितामा लाग्ने लागत घट्दै जाने तथा करदाता शिक्षा र उपभोक्ता जागरण अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सकिने बताउनुभयो । मुलुक संघीयतामा प्रवेश गर्ने क्रममा रहेकोले संविधानको कार्यान्वयन र जनताको बढ्दो आकांक्षालाई सम्बोधन गर्न, सामाजिक सुरक्षाका कार्यक्रमहरु सञ्चालन गर्न ठूलो श्रोतको आवश्यकता रहेको बताउनुभयो । कर सहभागितालाई वृद्धि गर्न र सहज बनाउन कर सम्बन्धी विभिन्न कानुनहरुको सट्टा एउटै कर कानुन बनाउने राजस्व प्रशासनको एजेण्डा रहेको उल्लेख गर्नुभयो। उहाँले कर प्रशासनमा काम गर्ने कर्मचारीको दक्षता र सक्षमता विकास गर्न छुट्टै राजस्व बोर्ड गठन गरिने बताउनुभयो ।
श्री शर्माले जिल्लास्तरमा करको संरचना पुर्‍याउने तयारीमा कर प्रशासन रहेको जानकारी दिनुहुँदै सूचना प्रविधिको प्रयोग गर्न निर्देशन दिनुभयो । उहाँले गैर कानुनी ढंगले सम्पत्ति आर्जन गरेको छ भने त्यो सम्पत्ति जफत हुने कानुनी व्यवस्था रहेको समेत बताउनुभयो ।
माओवादी केन्द्रका नेता तथा पूर्वमन्त्री लेखराज भट्टले संघीयता कार्यान्वयनमा समस्या र चुनौतिहरु रहेको बताउनुभयो । उहाँले संघीयतामा जाँदा स्रोत र साधनको वितरण गर्नु पर्ने भएकाले नयाँ स्रोतहरुको खोजी गर्नुपर्ने बताउनुभयो । यूरोप र अमेरिकालाई हेरेर निर्माण गरिएको नीति, सिद्धान्त नेपालको वस्तुस्थितिसँग मेल खान नसक्ने हुनाले आफ्नै मौलिक खालको नीति सिद्धान्त हुनुपर्ने उहाँको भनाइ थियो । सीमांकन लगायतका विषय स्रोतसँग सम्बन्धित भएकाले विवाद हुने जानकारी दिनुहुँदै करदाताहरु कि जानेर करमा सहभागिता नहुने, कि नजानेर करमा सहभागीता नहुने प्रवृत्ति रहेको बताउनुभयो ।
कार्यक्रममा कर विज्ञ डा. रुप खड्काले









नेपालमा मालपोत, भन्सार महसुल तथा अन्तःशुल्क लामो समयदेखि लागू हुँदै आएको भएतापनि आधुनिक कर प्रणालीको स्थापना गर्ने प्रयास भने वि.स. २००७ सालमा प्रजातन्त्रको उदयभएपछि भएको बताउनुभयो। नेपालमा पहिलो जननिर्वाचित सरकारले आ.व. २०१६/१७ मा आयकर, शहरी क्षेत्र घर-जग्गा कर तथा विदेशी लगानी कर जस्ता प्रगतिशील करहरु लागू गरेको जानकारी दिनुहुँदै मूल्य अभिवृद्धि कर, आयकर, अन्तःशुल्क, भन्सार महसुलका विषयमा चर्चा गर्नु भएको थियो । श्री खड्काले मुलुक संघीयतामा रुपान्तरित



भएको सन्दर्भमा संघीय प्रणाली अनुरुपको कर प्रणाली स्थापना गरिनु आवश्यक रहेको बताउनुहुँदै सैद्धान्तिक मान्यता तथा अन्तर्राष्ट्रिय असल अभ्यासका आधारमा विभिन्न तहमा कर लगाउने अधिकारको बाँडफाँड गरिनुपर्ने बताउनुभयो । विभिन्न तहका सरकारले लगाउन सक्ने कराधिकार संविधानमा दिइएको बताउनुहुँदै त्यसको आधारमा कानुनद्वारा विभिन्न तहको विस्तृत कर प्रणाली तर्जुमा गरिनु पर्ने उल्लेख गर्नुभयो ।

मुलुकलाई सन् २०२२ सम्ममा विकासशील देशको श्रेणीमा रुपान्तरित गराउने र सन् २०३० सम्ममा मध्यम आय स्तरको मुलुकमा स्थापित







गराउनको लागि आवश्यक राजस्व परिचालन गर्न पनि कर सुधार गर्नुपर्ने आवश्यकता रहेको औंल्याउनुभयो । दक्षिण एशियाली क्षेत्रमा स्वतन्त्र व्यापार लागू गर्ने र नेपाल विश्व व्यापार संघको सदस्य भएको परिपेक्षमा नेपालका अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुरुप पनि नेपालको कर प्रणालीमा पुनरावलोकनको खाँचो रहेको उल्लेख गर्नुभयो ।

श्री खड्काले कर सुधारको माध्यमले नेपालमा राजस्व उत्पादक, लचक, सक्षम, सरल, समान, पारदर्शी, प्रतिस्पर्धी र अन्तर्राष्ट्रिय स्तरमा तुलनायोग्य कर प्रणाली स्थापना गरिनुपर्ने उहाँको तर्क थियो । उहाँले कर सुधारका लागि करको संख्या कम गर्ने, करको आधार विस्तार गर्ने, करका दरको तह तथा संख्या कम गर्ने, भन्सार माथिको निर्भरता घटाउने, स्वयं कर निर्धारणमाथि जोड दिने, करदातामा स्वयं कर सहभागिता बढाउने, कर सहभागिता बढाउन कर अनुपालक मोडल लागू गर्नुपर्ने बताउनुभयो ।

प्रसंसा संरक्षण समूहका संयोजक श्री अम्बादत्त भट्टले विभिन्न तह र तप्काका व्यक्तिहरुलाई ज्ञान दिनका लागि आन्तरिक राजस्व विभागसँगको सहकार्यमा कार्यक्रमको आयोजना गरिएकोमा आफूहरुले करका विषयमा सिक्ने अवसर पाएको बताउनुभयो । विभिन्न संघ संस्थाको सहकार्यमा आगामी दिनमा यस्ता कार्यक्रमलाई निरन्तरता दिने समेत प्रतिवद्धता व्यक्त गर्नुभयो ।

राष्ट्रिय योजना आयोगका पूर्व सदस्य श्री प्रेम कुँवरले राज्यको उत्पत्ति जहिलेदेखि भयो त्यही बेला देखि कुनै न कुनै रुपमा कर लिन थालिएको बताउनुहुँदै कर जनताको हितमा हुनुपर्ने उहाँको भनाइ थियो । करसँग सम्बन्धित कार्यक्रमहरु काठमाडौं केन्द्रित र शहर केन्द्रित हुँदा सीमित व्यक्तिहरुले मात्र लाभ लिन सक्ने हुनाले यसलाई देशव्यापी रुपमा आयोजना गर्नुपर्ने भनाई राख्नुभयो ।

राष्ट्रिय योजना आयोगका पूर्व सदस्य तथा पूर्व सांसद श्री विजय कुँवरले संघीयतालाई कार्यान्वयन गर्ने सन्दर्भमा देखिएका विवाद छिट्टै समाधान हुन सके मुलुक आर्थिक समृद्धितर्फ लम्किने बताउनुभयो ।

गायक नन्दकृष्ण जोशीले राजस्व छल्ने प्रवृत्ति बढेको बताउनुहुँदै नमूनाको रुपमा जस्तो सुकै व्यक्तिलाई पनि कानुनको दायरामा ल्याउन उहाँको सुझाव थियो ।

कार्यक्रममा सहभागीहरुले कर चुक्ताका लागि मात्रै कर तिर्ने प्रवृत्ति रहेको बताउँदै वैतडीको करदाता कन्चनपुर आएर कर तिर्नुपर्दा लागत बढिरहेको बताउँदै कर प्रशासन लगानीमैत्री र ग्राहकमैत्री नभएको गुनासो गरेका थिए ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका उपमहानिर्देशकहरु श्री चन्द्रकला पौडेल, श्री राजेन्द्रकुमार पौडेल, श्री धनीराम शर्मा, सूचना प्रविधि विज्ञ श्री प्रेमशरण श्रेष्ठ, ठूला करदाता कार्यालयका प्रमुख, आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. १, २, ३ र उपत्यका भित्रका सवै कार्यालय प्रमुखहरुको उपस्थिति रहेको थियो ।

नेपाल सरकार
अर्थ मन्त्रालय

## आन्तरिक राजस्व विभाग

लाजिम्पाट, काठमाडौंको

### मालसामान तथा सेवा खरिद बिक्री गर्दा बिल विजक लिने दिने सम्बन्धी आन्तरिक राजस्व विभागको सूचना

मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम वस्तु तथा सेवा बिक्री गर्दा बिक्रेताले क्रेतालाई अनिवार्य रुपमा बिजक जारी गरे नगरेको अनुगमन गर्न आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयबाट बजारमा कर अधिकृत सहितको टोलीहरू खटाइएको छ । बिक्रेताले विजक जारी गरेको नपाइएमा वा कारोवार भन्दा घटीमा बिजक जारी गरेको पाइएमा मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रु ५०००।- (पाँच हजार मात्र) तत्काले जरिवाना गर्न सक्नेछ । त्यसैले प्रत्येक बिक्रेताले वस्तु तथा सेवा बिक्री गर्दा अनिवार्य रुप्मा विजक जारी गर्नुहुन र वस्तु तथा सेवा खरीद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्य रुपमा विजक लिन हुन अनुरोध छ ।

# ननफाइलर व्यवस्थापन गर्न गठित कार्यदलद्वारा प्रतिवेदन पेश



महानिर्देशक श्री चुडामणि शर्मा समक्ष प्रतिवेदन पेश गर्नुहुँदै उपमहानिर्देशक श्री धनीराम शर्मा

मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने (Non filer) करदाता व्यवस्थापन गर्ने सम्बन्धमा अध्ययन गरी सुझाव पेश गर्न गठित कार्यदलले प्रतिवेदन पेश गरेको छ । उपमहानिर्देशक श्री धनिराम शर्माको संयोजकत्वमा गठित सदस्यहरुमा निर्देशकहरु श्री पदमकुमार श्रेष्ठ, श्री लालप्रसाद शर्मा पंगेनी, श्री चुडामणी ढुंगाना, श्री टीकाराम भुसाल, प्रमुख कर अधिकृत, ठूला करदाता कार्यालय, श्री हरिश्चन्द्र ढकाल, प्रमुख कर अधिकृत, आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. १ र सदस्य सचिवमा आन्तरिक राजस्व विभागका निर्देशक श्री शरद निरौला हुनुहुन्थ्यो ।

मूल्य अभिवृद्धि करमा दर्ता भई कारोबार गर्ने करदाताहरु मध्ये करीब ६० हजार करदाता ननफाइलर रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ । यसरी ननफाइलर रहेका अधिकांश करदाताहरुले कारोबार बन्द गरी दर्ता खारेजीको प्रक्रियामा नगएकोले ननफाइलर रहेको पाइएको छ । त्यसैले ४ वर्षअघि देखि नै ननफाइलर रहेको र वक्यौता नभएका करदाताको विभागले एकमुष्ट रुपमा दर्ता खारेजी गर्नु उपयुक्त हुने देखिएको प्रतिवेदनमा उल्लेख गरिएको छ । त्यसरी नै १ वर्षदेखि ४ वर्षसम्म ननफाइलर रहेका, वक्यौता नभएका करदाताको संक्षिप्त प्रक्रिया पूरा गरी कार्यालयहरुले दर्ता खारेजी गर्नुपर्ने कुरा प्रतिवेदनमा औंल्याइएको छ । दर्ता खारेजीको लागि निवेदन दिई खारेजी हुन नसकेका करदाताको हकमा पनि विभाग र कार्यालयले खारेजी प्रक्रियालाई उच्च प्राथमिकता दिई खारेजीको टुंगो लगाउनु पर्ने कुरा प्रतिवेदनमा उल्लेख गरिएको छ । सो बाहेक बांकी रहेका १ वर्षभन्दा अगाडिदेखि ननफाइलर रहेका करदाताहरुलाई निलम्बन गरी आवश्यक छानवीन पश्चात दर्ता खारेज गर्ने र १ वर्ष भन्दा कम समय ननफाइलर रहेका करदाताको निरन्तर अनुगमन र निगरानी गरी सक्रिय करदाताको तथ्यांकलाई चुस्त र छरितो बनाउनु पर्ने कार्यदलको प्रतिवेदनमा उल्लेख गरिएको छ । यसबाट आन्तरिक राजस्व विभागको वास्तविक कार्य सम्पादनस्तर पनि प्रतिविम्वित हुने अपेक्षा गरिएको छ । प्रतिवेदनले औंल्याएका अन्य कुराहरुको संक्षेपमा यहां उल्लेख गरिएको छ । ननफाइलर घटाउने कार्य एक पटकको प्रयासले मात्र हुने होइन । तसर्थ ननफाइलर हुने वित्तिकै ननफाइलरको कारण पत्ता लगाई आवश्यक कारवाही अगाडि बढाउन सके यो समस्या जटिल हुदै जाने देखिदैन । करदाताको संख्यामा भएको वृद्धिसंगै कर्मचारी संख्या पनि बढाउनु आवश्यक छ । दर्तालाई गुणस्तरीय बनाई नियमित रुपमा हुने करदाता शिक्षा र करदाताहरुको अनुगमनलाई प्रभावकारी बनाउने साथै कारोबार नगरेको करदाताको दर्ता खारेजीलाई उच्च प्राथमिकता दिई अगाडि बढ्न सके समस्याको निराकरण हुंदै जाने प्रतिवेदनमा उल्लेख गरिएको छ ।

धेरैजसो करदाताले कर कानुनको पालनाको सबै जिम्मा आफ्ना प्रतिनिधिलाई सुम्पेका छन् । यसवाट वास्तविक करदातालाई आफ्नो करसम्बन्धी दायित्व बारे जानकारी हुदैन । यसैको फाईदा उठाई प्रतिनिधिहरुले गैरजिम्मेवारीपूर्वक विवरण दाखिला नगरिदिने प्रवृत्ति देखिएको छ । यसले गर्दा करदाताको लागत पनि अनावश्यकरुपमा बढ्न गएको छ। करदाताको संख्यामा निरन्तर वृद्धि भएसंगै कर अधिकृतहरुको संख्या वृद्धि हुन सकेको छैन। यसवाट प्रतिकर अधिकृत करदाता संख्या वढ्दै गई करदाताको व्यवस्थापन चुनौतिपूर्ण हुंदै गएको छ । २०५८ सालमा करदाता संख्या ५२१३१ रहेकोमा सो संख्या २०६८ मा ४३१८८२ र २०७३ फागुनमा ९०५१५९ पुगेको तर करदाता सेवामा कार्यरत अधिकृतको संख्यामा वृद्धि हुन सकेको छैन। कार्यालयगत रुपमा हेर्दा करदाताको संख्यामा ठूलो अन्तर भएपनि कर अधिकृत संख्या सबै कार्यालयमा बराबर हुंदा कार्यालयगत बोझ समान छैन । करदाता सेवा शाखामा कार्यरत अधिकृतले नयां दर्ता हुने करदातालाई उसले पूरा गर्नु पर्ने कर सम्बन्धी औपचारिकताको जानकारी दिनु पर्नेमा कार्यबोझका कारण सो कामलाई प्राथमिकता दिन सकिएको छैन । करदाताको संख्या बढ्दै जाने तर कर अधिकृतको संख्या घटाउंदा यी कार्यालयहरुमा करदाता सेवासम्बन्धी काम बोझिलो बन्दै गएको देखिन्छ ।

मूल्य अभिवृद्धि कर कार्यान्वयनको उन्नाईस वर्षको दौरानमा मूल्य अभिवृद्धि कर प्रणालीलाई समसामयिक रुपमा संशोधन र सुधार गर्दै लगिएको छ। मूल्य अभिवृद्धि कर कानूनलाई समयसापेक्ष बनाउंदै लगिएको, करदाताको संख्यामा उल्लेखनीय बढोत्तरी भएको, मूल्य अभिवृद्धि कर सहभागितामा विद्युतीय माध्यमको उपयोग बढाउंदै लगिएको र करदाता तथा उपभोक्ता शिक्षा र जागरणमा निरन्तरता दिइएको भए पनि मूल्य अभिवृद्धि कर प्रणालीमा केही चुनौतीहरु विद्यमान छन् । ती चुनौतीहरुमध्ये करदाताबाट नियमित रुपमा प्राप्त हुनुपर्ने कर विवरण प्राप्त नभई करदाताको ठूलो संख्याले कर विवरण नदिनु (Non Filer) एउटा हो। दर्ता हुने सबै करदाताहरुलाई समयमै कर विवरण दाखिला गर्न लगाई सकेसम्म कम ननफाइलर

कायम गर्नु कर प्रशासनको कर्तव्य हो । एक अन्तर्राष्ट्रिय बेन्चमार्कले Non Filer को अनुपात सक्रिय करदाताको ५ प्रतिशत हुनुपर्ने उल्लेख गरेको छ । विभिन्न समयमा लागू गरिएका विविध प्रत्यक्ष तथा अप्रत्यक्ष थ्रेसहोल्डका सीमाहरुले गर्दा गुणस्तरीय दर्ता भन्दा पनि परिमाणमा मात्र दर्ता संख्या बढ्न गएको फलतः दर्ता संख्या बढेसंगै ननफाइलरको संख्यामा पनि वृद्धि हुँदै गएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

ननफाइलर भएका करदातालाई समयमै जानकारी दिने, ताकेता गर्ने स्थलगत भ्रमण गर्ने कार्य नभई अनुगमन कार्य फितलो भएको छ । कार्यालयहरुमा ननफाइलर घटाउन गरिएको प्रयासहरुको अद्यावधिक अभिलेख राख्ने नगरेको कारण विभागबाट कार्यालयमा गरिने अनुगमनमा पनि ननफाइलरको विषयमा सघन रुपमा अनुगमन गर्न सकिएको छैन । वास्तविक करदाताको नाममा दर्ता नगरी काम गर्ने कर्मचारी वा कामदारको नागरिकता प्रयोगगरी दर्ता गर्ने र कुनै समस्या आएमा बेपत्ता हुने प्रवृत्तिले करदाताको पहिचान गर्न कठीन भएको छ । सरकारी ठेक्कामा टेण्डर हाल्न, आपूर्तिकर्ताको सूची दर्ता गर्न, विदेशी दाताबाट काम पाउन मू.अ.करमा अनिवार्य दर्ता हुनुपर्ने अभ्यास भइरहेको छ । यसरी कारोबार नगर्दै दर्ता हुने करदाताले कारोबार गर्न नसकेमा ननफाइलर हुने अवस्था छ । करमा दर्ता भएपछि कारोबार नभएपनि नियमित रुपमा विवरण बुझाउनुपर्ने कुरा र कारोबार वन्द भएमा करमा खारेजी गर्नु पर्छ भन्ने विषयमा करदाता सेचत छैनन् । करदाता शिक्षाको अपर्याप्तताले गर्दा समेत ननफाइलर बढेको देखिन्छ । दर्ता हुने करदाताले पूरा गर्नुपर्ने दायित्व सम्वन्धी सूचना भएको पुस्तिका दिन सकिएको छैन । दर्ता खारेजी र निलम्बन सम्बन्धी कानूनी व्यवस्था स्पष्ट भएपनि ननफाइलर घटाउने र दर्ता खारेजीलाई उच्च प्राथमिकता दिन सकिएको छैन प्रतिवेदनमा उल्लेख गरिएको छ ।







प्रतिवेदनले औंल्याएका अन्य विषयहरुमा दर्ता गर्दा लिनुपर्ने सम्पूर्ण सूचनाहरु अनिवार्यरुपमा लिने, करदाताको फोटो कार्यालयमा नै खिच्ने प्रविधिको व्यवस्था गरी सोबाट नै कम्प्युटर प्रणालीमा रेकर्ड राख्ने, दर्ता भइसकेका करदाताको अभिलेख अद्यावधिकमा जोड दिने, दर्ताका अप्रत्यक्ष थ्रेसहोल्ड (रु ५ हजारभन्दा बढीको सरकारी खरीद, एकपटकमाा रु. १० हजार भन्दा बढीको आयातको व्यवस्था) खारेज गर्ने । दर्ता भएका करदाताले पहिलो विवरण दाखिला गरेपछि वा गर्नुपर्ने अवधि व्यतित भएपछि करदातासंग अनिवार्य रुपमा परामर्श गर्ने । हरेक कार्यालयहरुले हरेक महिना मूल्य अभिवृद्धि करमा नयां दर्ता भएका करदाताहरुका लागि अर्को महिना भित्र कम्तीमा एउटा करदाता शिक्षा कार्यक्रम गरी कर विवरण बुझाउने लगायत अन्य औपचारिकताबारे प्रशिक्षण दिने । KYT लाई प्रभावकारी बनाउन VAT विवरण/आय विवरण Submit गर्दा आवश्यक विवरण भर्न (Mandatory) सूचित गर्ने । दर्ता हुने करदाताले पूरा गर्नुपर्ने दायित्व सम्वन्धी सरल पुस्तिका (Brochure) बनाई करदातालाई दर्ता हुंदाकै बखत प्रदान गर्ने । पहिलो विवरण ननफाइलर हुने वित्तिकै करदातालाई सम्पर्क गरी विवरण दाखिला गर्न लगाउने कार्यलाई उच्च प्राथमिकता दिने । बजार अनुगमन गर्दा विवरण दाखिला गरे/नगरेको पनि अनिवार्यरुपमा बुझ्ने । विभागबाट हुने अनुगमनका क्रममा ननफाईलर रहने करदाताको माथि दिइएका सुझाव अनुसार कार्यालयले काम गरे नगरेको अनिवार्य रुपले अनुगमन गर्ने । ननफाइलरको प्रगति मापन गर्दा अघिल्लो महिनाभन्दा कति प्रतिशतले घट्यो भन्ने हेर्ने । पेशागत संघ/संगठनहरुलाई ननफाइलरको अनुगमनमा सहभागी गराउने व्यवस्था गर्नुपर्ने विषय समेत प्रतिवेदनमा उल्लेख गरिएको छ ।

उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग, २०७१ को ननफाइलर सम्बन्धमा भएका सिफारिशहरुमा अनिवार्य रुपमा दर्ता भएका करदाताहरुमध्ये समयमा विवरण नबुझाउने करदाताको कार्यालयगत विवरण तयार गर्ने, कारोबारको कर विवरण बुझाउने दायित्व सम्बन्धमा टेलिफोन, इमेल, पत्राचार, करदाताकोमा भ्रमण आदि विविध माध्यमहरुको प्रयोग गरी उनीहरुलाई सूचित गर्ने, उपरोक्तानुसार सूचित गरेपछि तोकिएको म्यादभित्र सम्पर्क नगर्ने करदाताहरुलाई दण्डित गर्ने, सम्पर्क गर्न नसकिएका र नसकिने वा विगत एक वर्षदेखि विवरण पेश नगर्ने करदाताको दर्ता खारेजी गर्ने, सम्पर्क गर्न नसकिएका र नसकिने वा दर्ता खारेजी गरिएका करदाताहरुबाट उठ्न बांकी कर रकमको विवरण तयार गर्ने र यसको अनुगमन गर्ने, यस्ता करदाताको स्थायी लेखा नम्बर, नाम नामेसी तथा ठेगाना सहितको विवरण भन्सार कार्यालयहरुमा कारोबार रोक्काको लागि पठाउने र पत्रपत्रिकामा समेत प्रकाशित गर्ने, स्वेच्छिक दर्ता भएका मध्ये कर विवरण नदिने करदाताको कार्यालयगत विवरण तयार गर्ने लगायतका सुझावहरु आयोगले दिएको थियो । कार्यदलले आयोगका उक्त सुझावहरुलाई समेत ध्यान दिई प्रतिवेदन तयार पारेको थियो ।

# आन्तरिक राजस्व उपसमितिद्वारा सुझाव माग



आर्थिक वर्ष २०७४/७५ को राजस्व नीति, आर्थिक विधेयक तथा कार्यक्रम र बजेट तर्जुमाको लागि सुझाव पेश गर्न राजस्व परामर्श समिति अन्तर्गत गठित उपसमितिहरु मध्ये आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माको संयोजकत्वमा गठित आन्तरिक राजस्व उपसमितिको वैठक आन्तरिक राजस्व विभागको कार्यकक्षमा फागुन १७ गते पहिलो र फागुन २६ गते दोस्रो वैठक सम्पन्न भयो। आन्तरिक राजस्व उपसमिति कार्यक्षेत्र अन्तर्गत आयकर, अन्तःशुल्क, मू.अ.कर तथा आर्थिक ऐन बमोजिम लगाइने अन्य करहरु र एकीकृत विद्युतीय कर प्रणालीको स्थापनाको विषयहरु रहेका छन्।

वैठकमा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले मुलुक संघीय संरचनामा प्रवेश गर्ने तयारीमा रहेकाले भाषागत भन्दा पनि बुंदागत रुपमा सुझावहरु पेश गर्न आग्रह गर्नुभयो। उहांले थपघट गर्नुपर्ने विषय भए त्यसको आधार सहित सुझाव दिन निर्देशन दिनुभयो।

उपसमितिका लागि तोकिएको कार्यक्षेत्रको व्यापकता र छोटो समयावधिको कारणले उपसमितिबाट मात्र कार्य सम्पादन गर्दा समयमा नै तोकिएको कार्य सम्पन्न गर्ने कठिनाईलाई दृष्टिगत गरी पाँच वटा कार्यदल गठन गरिएको छ। जसमा आयकर कार्यदल, मूल्य अभिवृद्धि कर कार्यदल, अन्तःशुल्क कार्यदल, कर प्रणाली सुधार कार्यदल, करदाता सेवा तथा सूचना प्रविधि कार्यदल रहेका छन्। ती कार्यदलले आफ्ना प्रतिवेदन उपसमितिलाई चैत २४ गतेभित्र पेश गरिसक्नु पर्नेछ।

फागुन २६ गते वसेको दोस्रो वैठकबाट प्रत्येक कार्यदलको संयोजकले आआफ्नो कार्यदलको प्रथम वैठक सम्पन्न भएको जानकारी गराइएको थियो। आआफ्नो सुझाव पेश गर्न ठूला करदाता कार्यालय लगायत सवै आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयलाई समेत आव्हान गरिएको छ। त्यसैगरी विभिन्न व्यावसायिक संगठनबाट सुझाव लिने, विगत वर्षका सुझाव प्रत्येक कार्यदलको संयोजकलाई उपलब्ध गराउने निर्णय समेत भएको छ।



आन्तरिक राजस्व उपसमितिको वैठकमा सहभागी कर्मचारी तथा व्यवसायीहरु

वैठकमा आन्तरिक राजस्व विभागका उपमहानिर्देशकहरु श्री चन्द्रकला पौडेल, श्री राजेन्द्रकुमार पौडेल, श्री धनीराम शर्मा, विभागका सूचना प्रविधि विज्ञ श्री प्रेम शरण श्रेष्ठ, ठूला करदाता कार्यालयका प्रमुख कर प्रशासक श्री बलराम रिज्याल, प्रमुख कर अधिकृत श्री टिकाराम भुसाल, नीति विश्लेषण महाशाखाका निर्देशक तथा उपसमितिका सदस्य सचिव श्री नरनाथ गिरीको उपस्थिति रहेको थियो।

त्यसैगरी नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि श्री विजयसिंह वैद्य, भूमिसुधार तथा व्यवस्था मन्त्रालयका उपसचिव श्री पुन्यविक्रम पौडेल, भन्सार विभागका निर्देशक श्री अच्युतप्रसाद शिवाकोटी, नेपाल उद्योग परिसंघका प्रतिनिधि श्री शैलनाथ गौतम, नेपाल राष्ट्र वैंकका प्रतिनिधि श्री मनोज पोखेल, नेपाल राष्ट्रिय उद्योग व्यापार संगठनका प्रतिनिधि श्री रामजीप्रसाद बराल, नेपाल समुद्रपार निकासी पैठारी संघका प्रतिनिधि श्री कुमार कार्की, नेपाल उद्योग परिसंघका प्रतिनिधि श्री शैलनाथ गौतम, नेपाल चेम्बर अफ कमर्शका प्रतिनिधि श्री कृष्णमान श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो।

नेपाल सरकार
अर्थ मन्त्रालय
## आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौंको

## मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिहरूले आफ्नो कारोवार स्थलमा मूल्य अभिवृद्धि कर सहितको प्राईस ट्याग उल्लेख गर्ने सम्बन्धी सूचना

मूल्य अभिवृद्धि कर नियमावली, (संशोधन सहित) २०५३ को नियम १४ (ख) मा मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिले आफ्नो औद्योगिक प्रदर्शनी कक्ष, बिक्री कक्ष, होटल, रेष्टुरेण्ट, बार, कारोवार स्थल वा आपूर्ति गर्ने स्थानमा राखिएको कर लाग्ने वस्तु वा सेवाको बिक्री मूल्य (ट्याग प्राईस, मेनु प्राईस र सेल्फप्राईस) मा मूल्य अभिवृद्धि कर सहितको मूल्य उल्लेख गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोले सोही अनुसार गर्नु गराउनु हुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

# विभागको टोलीद्वारा अनुगमन तथा निर्देशन



विभागद्वारा अनुगमनका क्रममा आयोजित कार्यक्रममा कर्मचारी तथा व्यवसायीहरु

आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री राजेन्द्र कुमार पौडेल, निर्देशक श्री नारायण प्रसाद भण्डारी, कम्प्यूटर इन्जिनियर श्री दीपेश लेखक तथा शाखा अधिकृत श्री टंकमणि घिमिरेको टोलीले माघ २८ देखि फागुन ३ गतेसम्म आन्तरिक राजस्व कार्यालय भरतपुर, हेटौंडा, वीरगंज र सिमरा तथा केही प्रतिष्ठानहरुको निरीक्षण गरेको छ । निरीक्षणका क्रममा Integrated Tax System को प्रयोग सम्बन्धी अन्तरक्रिया एवं प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । आन्तरिक राजस्व कार्यालय भरतपुर, हेटौंडा, वीरगंज तथा सिमराका प्रमुख कर अधिकृतको समन्वयमा उक्त कार्यालयका कर अधिकृत एवं कर्मचारीहरु तथा सम्बन्धित कार्यालय अन्तर्गतका उद्योगी व्यावसायीका प्रतिनिधि सहितको संयुक्त बैठक राखी कार्यालयको हालको अवस्थाबारे विस्तृत जानकारी लिनुका साथै ITS मा Excise Automation लागू गर्दा कार्यालयमा देखिएका समस्या तथा उद्योगी व्यावसायीहरुलाई विवरण पेश गर्दा परेका समस्या र त्यसको समाधान सम्बन्धमा प्रशिक्षण कार्यक्रम केन्द्रित रहेको थियो ।

आन्तरिक राजस्व कार्यालय, भरतपुरले विभागसंग अन्तःशुल्कलाई Integrated Tax System मा समावेश गरिएकोले यसको प्रयोग सम्बन्धी तालिमलाई अझ व्यापक बनाउनुपर्ने, सहायकस्तरको जनशक्ति न्यून भएकोले अन्तःशुल्क निरीक्षकलाई एकभन्दा बढी प्रतिष्ठानमा खटाउनुपर्ने अवस्थामा रिक्त दरबन्दीको पूर्ति गरिनुपर्ने, अन्तःशुल्क स्टीकरको केन्द्रिय गोदामको व्यवस्थापनका लागि छुट्टै सहायकस्तरका थप कर्मचारीको व्यवस्था गर्नुपर्ने लगायतका समस्याहरु विभाग समक्ष राखेको थियो । विभागबाट खटिएको टोलीले मनकामना डिष्टिलरी, यति डिष्टिलरी, गोर्खा ब्रुअरी लगायतको अनुगमन समेत गरेको थियो । अनुगमन टोलीले कारखाना परिसरमा पर्याप्त रुपमा सरसफाई गर्न निर्देशन दिएको थियो ।

आन्तरिक राजस्व कार्यालय, हेटौंडाले कार्यालयको भौतिक अवस्था अत्यन्तै कमजोर रहेको हुंदा यस सम्बन्धमा विभागबाट विशेष पहल हुनुपर्ने, केन्द्रीय गोदामको व्यवस्थापनका लागि थप कर्मचारी र बजेटको व्यवस्था हुनुपर्ने देखिएको, सवारी साधनको अभावमा बजार अनुगमन गर्न कठीनाई भएकोले सवारी साधनको व्यवस्थाका लागि विभागले सहयोग गर्नुपर्ने, अन्तःशुल्कलाई Integrated Tax System मा समावेश गरिएकोले यसको प्रयोग सम्बन्धी तालिमलाई अझ व्यापक बनाउनुपर्ने, सहायकस्तरको जनशक्ति न्यून भएकोले अन्तःशुल्क निरीक्षकलाई एकभन्दा बढी प्रतिष्ठानमा खटाउनुपर्ने अवस्थामा रिक्त दरबन्दीको पूर्ति गरिनुपर्ने अपेक्षा विभागसंग राखेका थिए ।

आन्तरिक राजस्व कार्यालय, वीरगंजले हालको व्यवस्था अनुसार विवरण संशोधनमा समस्या आएको हुंदा निश्चित अंकसम्मको अधिकार प्रत्यायोजन हुनुपर्ने, अन्तःशुल्कलाई Integrated Tax System मा समावेश गरिएकोले यसको प्रयोग सम्बन्धी तालिमलाई अझ व्यापक बनाउनुपर्ने, सहायकस्तरको जनशक्ति न्यून भएकोले अन्तशुल्क निरीक्षकलाई एकभन्दा बढी प्रतिष्ठानमा खटाउनुपर्ने अवस्था रहेको, रिक्त दरबन्दीको पदपूर्ति गरिनुपर्ने अपेक्षा राखेका थिए । विभागबाट खटिएको अनुगमन टोलीले एशियन डिष्टिलरी, उदयपुर डिस्टिलरीको अनुगमन गरेको थियो ।

आन्तरिक राजस्व कार्यालय, सिमराले करदाताले Vendor को PAN Search गर्दा VAT Due बाँकी छ छैन हेर्न पाउनुपर्ने व्यवस्था गर्नुपर्ने, ABBS System लागू गर्नुपर्ने, अन्तःशुल्कलाई Integrated Tax System मा समावेश गरिएकोले यसको प्रयोग सम्बन्धी तालिमलाई अझ व्यापक बनाउनुपर्ने । सहायकस्तरको जनशक्ति न्यून भएकोले अन्तशुल्क निरीक्षकलाई एकभन्दा बढी प्रतिष्ठानमा खटाउनुपर्ने अवस्था रहेको, रिक्त दरबन्दीको पदपूर्ति गरिनुपर्ने अपेक्षा राखिएको थियो । विभागबाट खटिएको अनुगमन टोलीले बाबा डिष्टिलरीको स्थलगत अनुगमन गरेको थियो ।

उपमहानिर्देशक श्री राजेन्द्रकुमार पौडेलको नेतृत्वमा खटिएको टोलीले कार्यालयहरुलाई पूर्ण करपरीक्षण, अनुसन्धानात्मक कर परीक्षण तथा Current Year Audit लाई सूचना तथा तथ्याकंमा आधारित बनाई गुणात्मक बनाउनुपर्ने, करदातालाई प्रदान गरिने सेवालाई बक्यौता असुली, बेरुजु सम्परीक्षण र करदाता शिक्षासंगै आबद्ध गर्नुपर्ने, अन्तःशुल्कतर्फ भौतिक नियन्त्रण प्रणाली र स्वयं निष्काशन प्रणाली तर्फका उद्योग

बांकी १० पेजमा...



# आन्तरिक राजस्व कार्यालय दाङको चालु आ.व. को कार्यप्रगति

आन्तरिक राजस्व कार्यालय, तुलसीपुर दाङको चालु आ.व.को फागुन मसान्तसम्म कूल रु. ६२ करोड ४४ लाख १९ हजार लक्ष्य रहेकोमा रु. ६४ करोड ४८ लाख ७६ हजार असुली गरी १०३ प्रतिशत प्रगति हासिल गर्न सफल भएको छ । शिर्षकगत रुपमा हेर्दा आयकर रु. २७ करोड ३९ लाख ५३ हजार, मू.अ.कर रु. २० करोड ६६ लाख २ हजार, अन्तशुल्क रु. ११ करोड ८० लाख ५ हजार, व्याजकर रु. १ करोड ५७ लाख २ हजार, वहालकर रु. २ करोड २८ लाख ७५ हजार, स्वास्थ्य सेवाकर रु. २६ लाख ७५ हजार र शिक्षा सेवाशुल्क रु. ५० लाख ६४ हजार असुली भएको छ । गत वर्षको यहि अवधिमा जम्मा रु. ५३ करोड ६१ लाख ८७ हजार असुली भएकोमा चालु आर्थिक वर्षको सोही अवधिमा रु. ६४ करोड ४८ लाख ७६ हजार असुली भै १२० प्रतिशतले वृद्धि भएको छ । कार्यालयले चालु आर्थिक वर्षमा रु. १ अर्व ९ करोड राजस्व संकलन गर्ने लक्ष्य लिएको छ । कर असुलीलाई प्रभावकारी वनाई लक्ष्य हासिल गर्न करको दायरा विस्तार, करदाता मैत्री कर सेवा प्रवाहमा जोड, कार्यालयवाट नियमित बजार अनुगमन, बक्यौता असुलीमा जोड, कर छली उपर अनुसन्धान मुलक कारवाहीलाई रणनीतिको रुपमा लिई कार्य गरिरहेको छ । करको दायरा विस्तार तर्फ यस वर्षको फागुन मसान्तसम्म नयाँ ५७९१ करदाता थप दर्ता भएका छन् । कार्यालयले बेरुजु शून्य पारी आर्थिक अनुशासन कायम गर्न सफल भएको छ । त्यस्तै राजस्व बक्यौता राख्ने उपर वैंक खाता रोक्का, भुक्तानी रोक्का लगायतका कारवाहीलाई अघि वढाई हालसम्म आयकर रु. २३ लाख ८५ हजार र मू.अ.कर रु. ३ करोड ७ लाख बक्यौता असुली गर्न सफल भएको छ। कर छली उपरको अनुसन्धानात्मक कारवाहीको परिणाम स्वरुप आयकर रु. ९५ लाख ४९ हजार, मू.अ.कर रु. ४७ लाख ६७ हजार कर निर्धारण गरी असुली गरेको छ । त्यस्तै मदिरा नियमनमा तिव्रता दिई २९६१ करदातालाई अन्तशुल्कमा दर्ता गरिएको छ । जुन गत वर्षको सोही अवधिमा भन्दा ६९७ ले वढि रहेको छ। चालु वर्षमा स्थानीय प्रहरी प्रशासनको समेत सहयोगमा घोराही क्षेत्रमा ५०० लिटर र तुलसीपुर क्षेत्रमा ३५० लिटर अवैध घरपाला मदिरा पक्राउ गरी नष्ट गर्ने कार्य भएको छ । त्यस्तै अन्तशुल्क इजाजत पत्र नलिई मदिराको कारोवार गर्ने २० व्यक्ति, फर्मको मदिरा जफत समेत भएको छ । अवैध मदिरा नियन्त्रणको लागि जिल्ला स्तरीय अवैध मदिरा नियन्त्रण समितिको वैठक वसि निरन्तर रुपमा वजार अनुगमन गर्ने गरिएको छ । दर्ता भएर मात्र कारोवार गर्न र कारोवारको नियमित कर दाखिला गर्न नियमित सूचना प्रवाह गरिएको छ भने कर छली गर्ने उपर छानविन गरी कानून बमोजिम कारवाही समेत गरिरहेको छ ।

## अवैध मदिरा नष्ट

काठमाडौं । आन्तरिक राजस्व कार्यालय, तुलसीपुर दाङले २०७३ माघ र फागुन महिनामा स्थानिय प्रहरी प्रशासनको समेत सहयोगमा दाङ घोराही क्षेत्रमा ५०० लिटर र तुलसीपुर क्षेत्रमा ३५० लिटर अवैध मदिरा पक्राउ गरी नष्ट गरेको छ। अवैध मदिरा अनुगमनको क्रममा बजार क्षेत्रमा अन्तशुल्क इजाजत प्रमाणपत्र नलिई कारोवार गरेका २० वटा व्यक्ति तथा फर्मको मदिरा पक्राउ गरी जफत समेत गरेको छ । बजार अनुगमनलाई तिव्रता दिएपछि फागुन मसान्तसम्म अन्तशुल्क इजाजत



दाङ जिल्लाको वजार एरियावाट पक्राउ गरी नष्ट गर्न लागिएको अवैध मदिरा




लिनेको संख्यामा गत वर्ष भन्दा ६९७ जना थप दर्ता बढ्न गै २९६१ जना अन्तशुल्क तर्फ दर्ता भएका छन् । अवैध मदिरा नियन्त्रणलाई अझवढि प्रभावकारी वनाउन आन्तरिक राजस्व कार्यालयका प्रमुख कर अधिकृत श्री बाबुराम गौतमको संयोजकत्वमा बसेको जिल्ला स्तरीय अवैध मदिरा नियन्त्रण समितिको वैठकवाट स्थानीय प्रहरी प्रशासन समेतको सहयोगमा अनुगमनलाई तिव्रता दिईने, अवैध कारोवार भएको सूचना आदान प्रदान गर्ने र अवैध मदिरा नियन्त्रण गर्न विभिन्न वस्तुगत संघ सस्थाहरुले समेत प्रभावकारी भूमिका निर्वाह गरी सहयोग गर्नुपर्ने कुरामा जोड दिईएको कार्यालयले जनाएको छ ।

## ८ पेजको बांकी...

प्रतिष्ठानहरुको अझ सशक्त र निरन्तर रुपमा अनुगमन गर्न निर्देशन दिइएको थियो । त्यसैगरी भौतिक नियन्त्रण प्रणाली अन्तर्गतका प्रतिष्ठानमा खटाइएका अन्तःशुल्क निरीक्षकलाई ऐन, नियमावली र निर्देशिकामा भएका व्यवस्थाहरुको बारेमा अनुशिक्षण दिने, मूल्य अभिवृद्धि करमा Non filer लाई न्यूनीकरण गर्न, Debit विवरण वृद्धि, Credit र Zero विवरण न्यूनीकरण गर्न विशेष कार्ययोजना बनाई अभियानकै रुपमा संचालन गर्न, त्यस्तै Capital Gain Tax को सम्बन्धमा सम्बन्धित मालपोत कार्यालयसंग समन्वय गरी अध्ययन गर्न, कार्यालय प्रमुखले कम्तीमा महिनाको एक पटक मदिरा उत्पादन गर्ने प्रतिष्ठानको निरीक्षण गरी देखिएका कैफियत र गर्नुपर्ने सुधारका बारेमा निरीक्षण पुस्तिकामा उल्लेख गर्न र सोको जानकारी विभागमा समेत गराउन समेत विभागबाट निर्देशन भएको थियो ।

## १ पेजको बांकी...

प्रतिशत र अन्तशुल्क तर्फ १०२ प्रतिशत हो । त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमश: रु. ४६ करोड ४८ लाख ४ हजार र रु. ५६ करोड ५५ लाख ३ हजार संकलन भएको छ । शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा ९२ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा ८८ प्रतिशत संकलन भएको छ । गत वर्षको तुलनामा आयकर वृद्धिदर ४१ प्रतिशत,




**२०७३/०७४ फागुनसम्म लक्ष्यको तुलनामा भएको प्रगति**

मूल्य अभिवृद्धि कर वृद्धिदर २४ प्रतिशत, अन्तशुल्कको वृद्धिदर ४१ प्रतिशत, स्वास्थ्य सेवा कर वृद्धिदर ३० प्रतिशत र शिक्षा सेवा शुल्क वृद्धिदर ३२ प्रतिशत रहेको छ ।

## नेपाल सरकार
## अर्थ मन्त्रालय
## आन्तरिक राजस्व विभागको
# मदिराजन्य र सूर्तीजन्य वस्तुको विक्री वितरण सम्वन्धी सूचना

अन्तःशुल्क ऐन, २०५८ वमोजिम होटल तथा रेष्टुरेन्ट व्यवसायी बाहेक मदिराको कारोवार गर्ने व्यवसायीले मदिरा र सूर्तीजन्य वस्तुको मात्र कारोवार गर्न पाउने व्यहोरा सवैलाई विदितै छ । उक्त व्यवस्था एवं देहायका शर्तहरुको पूर्ण परिपालना गर्नु गराउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. इजाजतपत्र लिएर मात्र सूतीर्जन्य र मदिराजन्य वस्तुको कारोवार गर्ने,
२. ऐनले तोकेको म्यादभित्र इजाजतपत्र नवीकरण गर्ने,
३. इजाजतपत्र सबैले देख्ने गरी कारोवार स्थलमा राख्नु पर्ने,
४. बिहान १० बजे देखि राति १० बजेसम्म मात्र मदिरा बिक्री वितरण गर्नुपर्ने,
५. अठार वर्ष उमेर नपुगेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न नपाइने,
६. मदिरा खरिद बिक्री गर्नेले मदिरा खरिद बिक्री गरेको वीजक राख्नुपर्ने
७. अन्तःशुल्क स्टीकर टांस भएका मदिराजन्य तथा सूर्तीजन्य वस्तु मात्र बिक्री गर्नुपर्ने,

अन्तःशुल्क टिकट टाँस नभएको मदिराजन्य तथा सूर्तीजन्य वस्तु खरिद बिक्रीको लागि राखेको पाइएमा त्यस्तो वस्तु जफत गरी बिक्रेतालाई कानून बमोजिम दण्ड जरिवाना गरिनुका साथै कसैले अन्तःशुल्क ऐन २०५८ को वर्खिलाप हुने गरी अन्य वस्तु संगै मदिराजन्य वस्तु बिक्री वितरण गरेमा पहिलो पटक रु १०,००० (दशहजार) र त्यसपछि प्रत्येक पटकको लागि रु २०,००० (विसहजार) जरिवाना हुने व्यहोरा समेत जानकारी गराइन्छ । अतः उक्त कानूनी व्यवस्थाको पूर्ण परिपालना गरी सजायवाट वचौं । कसैले यस व्यवस्था विपरित व्यवसाय गरेको देखिएमा आन्तरिक राजस्व विभाग तथा नजिकको आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय वा कोष तथा नियन्त्रक कार्यालयमा जानकारी गराईदिनु हुन अनुरोध गरिन्छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

लाजिम्पाट, काठमाडौंको

## भुक्तानीमा कर कट्टी गरिएको करको विवरण र कर दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

आयकर ऐन, २०५८ ले रोजगार दाताले रकम भुक्तानी गर्दा, लगानी प्रतिफल र सेवा शुल्कको भूक्तानी गर्दा, आकस्मिक लाभको भूक्तानी गर्दा र ठेक्का वा करारको भूक्तानी गर्दा भूक्तानीकर्ताले कर कट्टी (अग्रिम कर कट्टी) गर्नुपर्ने रकम अग्रिम कर कट्टी गरी प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूमा विवरण र कट्टी गरिएको रकम दाखिला गर्नुपर्ने व्यवस्था रहेको विदितै छ। साथै भूक्तानीकर्ताले कागजात नराखेमा वा विवरण दाखिला नगरेमा, झुठा वा भ्रमपूर्ण विवरण दाखिला गरेमा तथा ऐन, नियमका व्यवस्थाको पालना नगरेमा शुल्क लाग्ने र तोकिएको मिति सम्म कर दाखिला नगरेमा व्याज लाग्ने कानूनी व्यवस्था रहेको छ। तसर्थ, उपरोक्त कानूनी व्यवस्था बमोजिम भूक्तानी गर्दा कर कट्टी गर्ने जिम्मेवारी भएका व्यक्तिहरूले कानूनमा तोकिएको समयमा अनिवार्य रुपमा कर कट्टी गर्नुहुन र कर कट्टी गरिएको विवरण तथा कर कट्टी रकम दाखिला गरी हिसाब फरफारक गर्नुहुन यो सूचना गरिएको छ।

नेपाल सरकार
अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

## मोबाइल एप सेवा संचालन सम्बन्धी सूचना

आन्तरिक राजस्व विभागले Android Platform मा आधारित मोबाइल एप संचालनमा ल्याएको छ। उक्त एसपको नाम IRD Nepal रहेको छ र Google play store मा गई एप डाउनलोड गरी प्रयोग गर्न सकिन्छ। मोबाइल एपमा विभागको सूचना, प्रकाशन, ऐन नियम, कर क्याल्कुलेटर, सम्पर्क लगायतका विवरण उपलब्ध हुनका साथै तपशील बमोजिमका सेवाहरु प्राप्त गर्न सकिन्छ।

| S. No. | Service | Response | Remarks |
|---|---|---|---|
| 1 | Registration Details (PAN) | Basic PAN Details. | Publicly Available |
| 2 | Estimate Return Status (Fiscal Year, Period) | Status of estimated return. | From Taxpayer Login |
| 3 | IT Return Status(Fiscal Year) | Status of IT Return of that fiscal year. | |
| 4 | VAT Return Status(Fiscal Year, Period) | Status of VAT return of that filling period. | |
| 5 | Excise Return Status (Fiscal Year, Period) | Status of Excise return of that filling period. | |
| 6 | Voucher Search(Voucher No, Fiscal Year) | Voucher details. | |
| 7 | Arrear | Remaining outstanding of taxpayer under VAT, IT and Excise. | |
| 8 | TDS Details | Witholdee TDS details. | From TDS Witholdee Login |
| 9 | Push Message | Tax Return Reminder Notification | Publicly Available |

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

# एस.एम.एस. सेवा शुरु भएको सम्बन्धी सूचना

आन्तरिक राजस्व विभागले संचालनमा ल्याएको एस.एम.एस. प्रणालीबाट तपशील बमोजिमका सेवाहरु प्रदान गरिएका छन् । Registration info र Help बाहेक अन्य सेवाहरु सम्बन्धीत स्थायी लेखा नम्बरको एकीकृत कर प्रणालीमा रहेको मोबाइल नम्बरबाट मात्र उपलब्ध हुने व्यवस्था गरिएको छ ।

**तपशील**

| S.N. | Service Name | Method | Response |
|---|---|---|---|
| 1 | Registration Info (Available to public) | Type REG PAN and SMS to 32024(E.g. REG 304567895) | ABC Company Pvt. Ltd IT Reg: 2064.09.08 VAT Reg: 2064.09.08 |
| 2 | Estimate Return Status | Type EST PAN FiscalYear and SMS to 32024 (eg. EST 304567895 2071.072) | Estimated Returns For Period 2071.072 is Submitted. |
| 3 | IT Return Status | Type RETIT PAN FiscalYear and SMS to 32024(e.g. RETIT 304567895 2071.072) | IT Returns For FY 2071.072 Has Been Submitted. |
| 4 | VAT Return Status | type RETVAT PAN TaxYear PeriodType Period and SMS to 32024(e.g. RETVAT 304567895 2073 M 1) | VAT Returns For Period 2071 M 1Has Been Submitted. |
| 5 | Excise Return Status | type RETEX PAN TaxYear PeriodType Period and SMS to 32024 (e.g. RETEX 304567895 2071 M 1) | Excise Returns For Period 2071 M 1 Is Not Submitted Yet. |
| 6 | Payment | type PMT PAN VoucherNo and SMS to 32024 (e.g PMT 304567895 249561) | Date:2073.06.01 Amount:10000.00 Payment for: VAT |
| 7 | Arrear | type ARR PAN and SMS to 32024(e.g. ARR 304567895 ) | Excise: 0 IncomeTax: 10000 VAT: 5000 |
| 8 | Help | Type HELP and SMS to 32024 | Reg - Registration Retit - Income Tax Return Retvat - Vat Return PMT - Voucher Payment Arr - Arrear Est - Estimated Return |

**पुनश्चः** हाललाई एस.एम.एस. सेवा नेपाल टेलिकमका प्रयोगकर्ताहरुले प्रयोग गर्न सक्नेछन् ।

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
चुडामणि शर्मा

**संयोजन**
दीपक अधिकारी

**सल्लाहकार**
चन्द्रकला पौडेल
राजेन्द्रकुमार पौडेल
धनिराम शर्मा
प्रेमशरण श्रेष्ठ

**सम्पादन समूह**
देवनारायण पौडेल
अर्जुनप्रसाद भट्टराई
शिवलाल तिवारी
सूर्य सुर्खाली
विनया पोखरेल